नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

# विश्व बाघ दिवस, जुलाई २९, २०२२ (२०७९ श्रावण १३)

## प्रेस विज्ञप्ति

सन् २०१० मा रसियाको सेन्ट्स पिटर्सबर्गमा सम्पन्न विश्व बाघ मञ्चको बैठकले जुलाई २९ लाई विश्व बाघ दिवसको रुपमा मनाउने निर्णय गरेको थियो । तत् पश्चात बाघ पाईने राष्ट्रहरुले जुलाई २९ लाई विश्व बाघ दिवसको रुपमा मनाउँदै आएका छन् । यसै सन्दर्भमा मिति २०७९।४।४ मा सम्मानीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा बसेको राष्ट्रिय बाघ संरक्षण समिति, नेपालको आठौं बैठकले जुलाई २९, २०२२ मा बाघ संरक्षण सम्बन्धि सरोकारवालाहरुको उपस्थितमा विशेष समारोहको आयोजना गरी विश्व बाघ दिवस मनाउने निर्णय गरेको थियो । सोही बमोजिम आज राष्ट्रिय बाघ दिवस विशेष समारोह सम्माननीय प्रधानमन्त्री श्री शेर बहादुर देउवाज्यूको समुपस्थितिमा राष्ट्रिय सभागृह, काठमाडौंमा सम्पन्न भएको छ ।

कार्यक्रमको अध्यक्षता माननीय वन तथा वातावरण मन्त्री प्रदीप यादवज्यूले गर्नु भएको हो भने यस विशेष समारोहमा पूर्व प्रधानमन्त्री श्री माधव कुमार नेपालज्यू, प्रतिनिधि सभा कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिका सभापती माननीय पुर्ण कुमारी सुवेदीज्यू, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. विश्वनाथ पौंडेलज्यू, नेपाल सरकारका मुख्य सचिव श्री शंकरदास बैरागीज्यू लगायतका विशिष्ट महानुभावहरुको उपस्थिति रहेको थियो ।

बासस्थान विनास र चोरी शिकार तथा अवैध व्यापारका कारण बाघ लोप हुने अवस्थामा पुगेको थियो । विगत सय बर्षमा बाघको बासस्थान ९५ प्रतिशतले विनास भएको छ भने सय बर्ष अघि १ लाखको संख्यामा रहेको बाघ सन् २०१० मा ३,२०० को संख्यामा सिमित हुन पुग्यो । विश्वमा पाईने ९ उप-प्रजातिका बाघहरु (सुमात्रान, अमुर टाईगर, बंगाल टाईगर, साउथ चाईना टाईगर, मलायन टाईगर, ईन्डो चाईनिज टाईगर, सुमात्रा टाईगर, जाभान टाईगर, र क्यास्पियन टाईगर) मध्ये ३ उप-प्रजाति (सुमात्रान, जाभान, र क्यास्पियन टाईगर) लोप भईसकेका छन् । बाघ पाईने १३ देशहरु मध्ये कम्बोडिया, चीन, भियतनाम र कोरियामा प्राकृतिक बासस्थानमा बाघको प्रजनन् भएको रेकर्ड छैन ।

बाघको घट्दो संख्यालाई मध्यनजर गरी सन् २०१० मा बाघ पाईने मुलुकका सरकार प्रमुखहरुको उपस्थितिमा रसियाको सेन्ट्स पिटर्सबर्गमा विश्व बाघ मञ्चको सम्मेलन भयो । सो बैठकले Global Tiger Recovery Program तयार गरी सन् २०२२ सम्ममा बाघको संख्या दोब्बर पुर्याउने गरी Doubling the Tiger को नारा तय गर्यो । नेपालमा सन् २००९ को सर्वेक्षण अनुसार बाघको संख्या १२१ रहेकोमा सन् २०२२ सम्ममा सो संख्या २५० पुर्याउने लक्ष्य लिएको थियो ।

बाघ नेपालको संरक्षित स्तनधारी वन्यजन्तु, संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तराष्ट्रिय व्यापार नियन्त्रण महासन्धि (साइटिस) को अनुसूची १ र विश्व संरक्षण संघको खतरामा परेका वन्यजन्तुको

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

सूचीमा संकटापन्न प्रजातिको रुपमा सूचीकृत छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ ले बाघलाई संरक्षित प्रजातिको सूचीमा समावेश गरी यसको संरक्षणलाई विशेष महत्व दिएको छ ।

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६७।२।२ को निर्णयानुसार बाघ संरक्षणको लागि विद्यमान कानूनी व्यवस्थामा सुदृढिकरण, चोरी शिकार र अवैध व्यापार नियन्त्रण गरी बाघ लोप हुनबाट बचाई बाघको संरक्षण र व्यवस्थापन गर्न, बाघ संरक्षण सम्बन्धी विषयमा नेपाल सरकारलाई नीतिगत मार्ग दर्शन र राय सल्लाह दिन तथा बिभिन्न निकायहरु बीच संरक्षण कार्यमा मूलप्रवाहीकरण गर्नका लागि सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा एक उच्चस्तरीय संयन्त्र "राष्ट्रिय बाघ संरक्षण समिति, नेपाल" को गठन भएको थियो । यस समितिमा माननीय गृह, अर्थ, रक्षा, कानून तथा न्याय र वन तथा वातावरण मन्त्री ज्यूहरु, नेपाल सरकारका मुख्य सचिव, सम्बन्धित विषयका विज्ञ सदश्य र वन तथा वातावरण मन्त्रालयका सचिव सदस्य सचिव रहने व्यवस्था रहेको छ ।

आज आयोजित विशेष समारोहमा सम्माननीय प्रधानमन्त्रीज्यूबाट राष्ट्रिय बाघ तथा आहार प्रजाति सर्वेक्षण प्रतिवेनन, २०२२ सार्वजनिक भएको छ । बाघको विचरण एकिन गर्न तराई आर्क ल्याण्डस्केप अन्तर्गतका १५ जिल्ला, डडेलधुरा, डोटी, सल्यान एवं बाग्मति पूर्वका सर्लाही, सिराहा, धनुषा, महोत्तरी र उदयपुर गरी जम्मा २३ जिल्लामा अकुपेन्सी सर्भेक्षण गरिएको थियो । सर्वेक्षण गरिएका स्थानहरु मध्ये रौतहट, बारा, पर्सा, मकवानपुर, चितवन, नवलपरासी (वर्दघाट सुस्ता पूर्व), नवलपरासी (वर्दघाट सुस्ता पश्चिम), दाङ्ग, बाँके, सल्यान, बर्दिया, सुर्खेत, डोटी, कैलाली, कञ्चनपुर र डडेलधुरा गरी जम्मा १६ जिल्लामा बाघको विचरण हुने देखिएको छ । बाघको सम्भावित विचरण क्षेत्र १८,९२८ वर्ग कि.मि. मध्ये ९,६५३ वर्ग कि.मि. क्षेत्रमा बाघले विचरण गर्ने गरेको पाईएको छ ।

बाघको संख्या यकिन गर्न बाघको बसोबास रहेको क्षेत्रलाई चितवन-पर्सा, बाँके बर्दिया र शुक्लाफाँटा-लालझाडी-जोगबुढा गरी तीनवटा कम्प्लेक्समा विभाजन गरी क्यामेरा ट्र्याप विधि प्रयोग गरी सर्वेक्षण गरिएको थियो । प्रतिवेदन अनुसार पर्सा राष्ट्रिय निकुञ्ज तथा वरपरको वन क्षेत्रमा ४१ वटा, चितवन राष्ट्रिय निकुञ्ज तथा वरपरको वन क्षेत्रमा १२८ वटा, बाँके राष्ट्रिय निकुञ्ज र वरपरको वन क्षेत्रमा २५ वटा, बर्दिया राष्ट्रिय निकुञ्ज र वरपरको वन क्षेत्रमा १२५ वटा र शुक्लाफाँटा-लालझाडी जोगबुढा क्षेत्रमा ३६ वटा गरी जम्मा ३५५ वटा वयश्क बाघहरु रहेको तथ्याङ्कले देखाएको छ । सन् २०१८ को तथ्याङ्क अनुसार २३५ वटा वयश्क बाघ रहेकोमा यो संख्या सन् २०१८ को तुलनामा ५१ प्रतिशतले बढी हो ।

कार्यक्रममा सम्मानीय प्रधानम्नत्रीज्यूबाट नेपालले सन् २०१० मा अन्तराष्ट्रिय समुदाय समक्ष गरेको बाघको संख्यालाई दोब्बर बनाउन गरिएका प्रयासहरुको जानकारी गराउँदै प्रतिवद्धता पुरा भएकोमा सम्बद्ध सबैलाई बधाई दिनु भएको थियो ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

सम्मानीय प्रधानमन्त्रीज्यूले बाघको दिगो रुपमा संरक्षण गर्न संरक्षित क्षेत्र बाहिरका जैविक मार्गहरुको एकीकृत रुपमा संरक्षण तथा व्यवस्थापन गरी आहार प्रजातिको उपलब्धता बृद्धि गर्नुपर्ने, विकास निर्माणका पूर्वाधारको निर्माण गर्दा बन्यजन्तुमैत्री हुने गरी निर्माण गर्नुपर्ने बताउनुभयो। बाघको संख्या वृद्धि भएसंगै मानव र वन्यजन्तुबीच सहअस्तित्व कायम गर्न वन्यजन्तुबाट हुने क्षतिको राहत वितरण तथा पुनर्स्थापनाको कार्यलाई अझ प्रभावकारी वनाउनुपर्ने, चिडीयाखाना तथा उद्दार केन्द्रहरुको निर्माण तथा सञ्चालनलाई थप सुदृढ वनाउनु पर्ने, संरक्षित क्षेत्रहरुमा पर्यापर्यटन विकास गरी प्राप्त लाभहरुलाई स्थानीय समुदायको जिविकोपार्जनका क्रियाकलापहरुसंग आवद्ध गर्नुपर्ने कुरामा जोड दिनु भयो ।

सम्माननीय प्रधानमन्त्रीज्यूले आगामी दिनमा बाघको संरक्षण तथा स्थानीय समुदायको जिविकोपार्जनलाई टेवा पुर्याउन तीनवटै तहका सरकार, सरोकारवालाहरु र सिमावर्ती राष्ट्रहरुसंगको सम्बन्ध एवं समन्वयलाई थप प्रभावकारी वनाउनुपर्ने कुरामा जोड दिनुपर्ने र थप आर्थिक स्रोत साधन परिचालन गर्नुपर्ने आवश्यकतालाई मध्यनजर गरी "प्रधानमन्त्री बाघ संरक्षण तथा जिविकोपार्जन कार्यक्रम" सञ्चालन गर्न आन्तरिक तथा बाह्य स्रोत समेत परिचालन गरी बार्षिक एक अर्ब रुपैंया विनियोजन गर्ने घोषणा समेत गर्नु भयो ।

कार्यक्रममा बोल्दै पुर्व प्रधानमन्त्री माननीय माधव कुमार नेपालज्यूले, नेपालमा बाघको संख्या बृद्धि भई नेपाल बाघको संख्या दोब्बर पुर्याउने पहिलो मुलुक भएकोमा बधाई तथा धन्यबाद ज्ञापन गर्नुभयो । नेपाल सरकार एवं संरक्षणका सबै सरोकारवालाहरुको सहभागतिमा सञ्चालित वन्यजन्तुबाट हुने क्षतिको राहत वितरण, चोरी शिकार नियन्त्रणमा नेपाली सेना लगायतका सुरक्षा निकायको संलग्नता, स्थानीय समुदायको सहयोग, जनचेतना अभिवृद्धि जस्ता कार्यक्रमको पनि महत्वपूर्ण भूमिका छ । वातावरण र वीकासबीच सन्तुलन कायम हुन सकेको खण्डमा मात्र मानीस एवं जैविक विविधताको संरक्षण हुने विषयमा जोड दिनु भएको थियो ।

विशेष समारोहको अध्यक्षता गर्दै माननीय वन तथा वातावरण मन्त्री श्री प्रदीप यादवज्यूले National Tiger Recovery Plan कार्यान्वयन गर्न सहयोग पुर्याउने राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, वन तथा भू-संरक्षण विभाग, नेपाली सेना, सुरक्षा निकाय, संरक्षण साझेदार संस्था (राष्ट्रय प्रकृति संरक्षण कोष, डब्लु.डब्लु.एफ नेपाल, जेड.एस.एल नेपाल), बाघ पाईने देशका सरकारलाई समेत धन्यबाद दिंदै मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि उद्दार केन्द्रहरुको प्रभावकारी व्यवस्थापन गर्नुपर्ने एवं बाघ संरक्षणबाट प्राप्त हुने लाभ मानव वन्यजन्तु द्वन्द्व पिडित समुदायमा पुग्नेगरी नीतिगत एवं संरचनागत सुधार हुनुपर्ने कुरामा जोड दिनु भएको थियो ।

विश्व बाघ दिवसको अवसरमा सम्पन्न विशेष समारोहमा बोल्ने बक्ताहरुबाट बाघको संख्या बृद्धि भएसंगै द्वन्द्व बढ्न सक्ने भएको हुँदा मानव-वन्यजन्तु सहअस्तित्व कायम गर्न बाघको बासस्थानको प्रभावकारी व्यवस्थापन मार्फत आहार प्रजातिको संख्या तथा गुणस्तर वृद्धि गर्नुपर्ने, बाघलाई पर्यटन

क्षेत्रसंग जोडी अधिकतम लाभ लिई प्राप्त लाभको स्थानीय समुदायमा वितरण गर्नुपर्ने, आपसी एवं सीमापार समन्वयलाई थप प्रभावकारी वनाउनुपर्ने, नेपाल सरकार एवं अन्तर्राष्ट्रिय समुदायबाट थप प्राविधिक तथा आर्थिक सहायता परिचालन गर्नुपर्ने कुराहरु व्यक्त भएका थिए । समग्रमा बृद्धि भएको बाघको संख्यालाई कायम राखि मानव-बाघ सहअस्तित्व निर्माण गर्नु आजको मुख्य सन्देश हो भन्ने हाम्रो बुझाई रहेको छ ।

..................................

डा. पेम नारायण कँडेल

सचिव, वन तथा वातावरण मन्त्रालय

सदस्य-सचिव, राष्ट्रिय बाघ संरक्षण समिति, नेपाल

१३ श्रावण, २०७९